# रैनादेवी छहरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## छहरा, पाल्पा

प.स.: २०७७/२०७८.
च.नं. :२४८

५ नं. प्रदेश, नेपाल

Website:www.rainadevichhaharamun.gov.np
Email: rainadevichhaharamun@gmail.com
Phone no. 075691025,075692343


मिति:२०७७०५।२८

श्री सम्पूर्ण विद्यालयहरु,
रैनादेवी छहरा गाउँपालिका, पाल्पा ।

**विषय : विद्यार्थीको सिकाई सहजीकरणको व्यवस्था गर्नुहुन ।**

गाउँ शिक्षा समिति रैनादेवी छहरा गाउँपालिकाको निर्णय बमोजिम यस गाउँपालिका भित्रका विद्यालयहरुले आ-आफ्ना विद्यालयमा कार्यरत शिक्षकहरुलाई कार्यक्षेत्रमा वोलाई (वाहिरी जिल्लावाट आउने शिक्षकको हकमा १४ दिन Home Quarantine मा बसि पालिकाको समन्वयमा PCR Test पश्चात) विद्यार्थीको सिकाई सहजीकरण गर्ने भन्ने निर्णय भएकाले सोहि अनुसारको सिकाई क्रियाकलाप सञ्चालन गर्नुगराउनुहुन अनुरोध छ। सिकाई प्रक्रिया अन्तर्गत पहुँच भएको स्थानमा सञ्चार प्रविधिको प्रयोग मार्फत सहजिकरण गर्ने, अन्य अवस्थामा स्वास्थ्य मापदण्ड अपनाउदै सामाजिक दूरी कायम गरी विद्यार्थीको घरघरमा गई सिकाईमा सहजीकरणको व्यवस्था मिलाउन अनुरोध छ । साथै शिक्षा बिज्ञान तथा प्रविधि मन्त्रालयले मिति २०७७०५।१९ को मन्त्रीस्तरीय निर्णय अनुसार स्वीकृत गरेको विद्यार्थी सिकाइ सहजिकरण निर्देशिका,२०७७ बमोजिम विद्यार्थीलाई देहाय बमोजिमको समूहमा वर्गीकरण गरी निर्देशिकामा उल्लेखित क्रियाकलाप सञ्चालन गर्न सूचित गरीन्छ । विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७ www.doe.gov.np साथै www.moe.gov.np मा download गरी हेर्न सकिन्छ ।

तपसिल :-

(क)सबै किसिमको प्रविधिको पहुँचभन्दा बाहिर रहेका विद्यार्थी समूह,
(ख)रेडियो, एफएम रेडियोमा पहुँच भएका विद्यार्थी समूह,
(ग) टेलिभिजनमा पहुँच भएका विद्यार्थी समूह,
(घ)कम्प्युटर भएको तर अनलाइन कनेक्टिभिटी नभएका विद्यार्थी समूह,
(ङ) इन्टरनेट तथा सूचना सञ्चार प्रविधिका साधनमा पहुँच भएका विद्यार्थी समूह ।

खेत वहादुर खत्री
प्रमुख प्रशासकिय अधिकृत
२०७७।०५।२८
प्रमुख प्रशासकीय अधिकृत